Visit Dwarkadheeshvastu.com For

FREE Vastu Consultancy, Music, Epics, Devotional Videos Educational Books, Educational Videos, Wallpapers

****

All Music is also available in CD format. CD Cover can also be print with your Firm Name

****

We also provide this whole Music and Data in PENDRIVE and EXTERNAL HARD DISK.

Contact : Ankit Mishra ( +91-8010381364, dwarkadheeshvastu@gmail.com )

****

# RISHI PANCHAMI VRAT KATHA

# (Nepali)

****

|| श्री गणेशाय नमः ||

# ऋषिपंचमी व्रतकथा

## (भाषा-टीका)

खर्बं स्थूलतनुं गजेन्द्रवदनं लम्बोदरं सुन्दरं,
प्रस्यन्दं मदगन्धलुब्धमधुपव्यालोलगण्डस्थलम् ।
दन्ताघातविदारितारिरुधिरैः सिन्दूरशोभाकरम्
वन्दे शैलसुतासुतं गणपतिं सिद्धिप्रदं कामदम् ॥

ऋषि– पंचमीको पूजा मध्याह्न-व्यापिनी गर्नुपर्दछ । पूजा गर्ने दिन बिहानै नित्यकर्म सकेर कुनै नदी, तलाऊ वा कुवामा गएर अपामार्गको तीन सय साठी दतिवन लगाउन थाल्नुभन्दा पहिले प्रार्थना गर्नु –

आयुर्बलं यशो वर्चः प्रजाः पशु-वसूनि च ।
ब्रह्मप्रज्ञां च मेधां त्वन्नो देहि वनस्पते ॥

दतिवन गर्दा यो मन्त्र भन्नु–

मुखदौर्गन्धनाशाय दन्तानां च विशुद्धये ।
ष्ठीवनाय च गात्राणां कुर्वेऽहं दन्तधावनम् ॥

त्यसपछि पहिलेको नियम अनुसार अपामार्गको पातले मार्जन गरी माटोले पनि स्नान गर्नुपर्दछ । अनि पवित्र वस्त्र धारण गरेर घर आई गंगाजल वा पंचगव्य खाएर शुद्ध भई पूजा स्थानमा गएर पुरोहित डाकी रेखी हाल्न लगाई कलश, गणेश र दीप स्थापना गर्नु अनि माझमा चामल माथि कुशका सप्तऋषि बनाउन लगाई लहरै स्थापना गर्नु ।

अनि अर्घ-शंख स्थापना गरेर शरीर शुद्धिका लागि गोदान गर्नुपर्दछ। त्यो भन्दा पनि पहिले तामाको थालीमा कर्मपात्र बनाउनु। त्यसको विधि हो -

जल- ॐ यद्देवादेवहेडनं देवासश्चकृमावयम् । अग्निर्म्मा तस्मा देनसो
विश्वान्मुञ्चत्वꣳ हसः ।। यदिदिवा यदिनक्तमेनाꣳ सिचकृमा वयम्।
वायुर्मा तस्मादेनसो विश्वान्मुञ्चत्वꣳ सहः । यदिजाग्रद्यदिस्वप्नऽएनाꣳ
सिचकृमा वयम् । सूर्य्योमातस्मादेनसो विश्वान्मुञ्चत्वꣳ हसः ।

पवित्र- ॐ पवित्रेस्थो वैष्णव्यौ सबितुर्वः प्रसवऽउत्पुनाम्यच्छिद्रेण
पवित्रेण सूर्य्यस्य रश्मिभिः ।। ॐ शन्नोदेवीरभिष्टयऽआपो
भवन्तु पीतये। शंयो रभिस्रवन्तुनः ।।

तिल–तिलोसि सोम दैवत्यो गोसवो देवनिर्मितः ।

प्रत्क्नमद्भिः पृक्तः स्यधया पितृल्लोकान् पृणाहि नः स्वाहा।।

जौ—यवोसि यवसा स्मद्वेषो यवया रातीः ।

चन्दन- ॐ गन्धद्वारान् दुराधर्षान्नित्यपुष्टां करीषिणीम् ।

ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ।।

अक्षता-अक्षन्नमी मदन्तह्यवप्रियाऽअधूषत ।

अस्तोषत स्वभानवो विप्रा नविष्ठयामती योजान्विन्द्रते हरिः।।

फूल— ॐ श्रीश्चते लक्ष्मीश्चपत्न्या बहोरात्रे पार्श्वे नक्षत्राणि रूप

मश्विनौव्यात्तम् । इष्णन्निषाणामुम्मऽइषाण सर्वलोकम्मऽइषाण ।।

अनि कर्मपात्रको तीन टुक्रा कुश लिएर सबैतिर जल छर्कनु -

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोऽपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं सबाह्याभ्यन्तरः शुचिः ॥

यति भनि कुश छाडिदिनु ।

सरस्यूँ- ॐ अपसर्पन्तु ये भूता ये भूता भुविसंस्थिताः।
ये भूता विघ्नकर्तारस्ते नश्यन्तु शिवाऽऽज्ञया ॥

यति भनी चारैतिर सरस्यूँ छरिदिनू ।

अब पूजा गर्ने जति सबैले कुशका औंठी लगाएर दुनामा द्रव्य राखी पूजा गर्नू ।

मन्त्रः- नमो गोम्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च ।
नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः ॥
ॐ इरावती धेनुमती हि भूतꣳसूयवसिनी मनवेदसस्या ।

व्यस्कभ्ना रोदसी विष्णवे ते दाधर्त्थ पृथिवीमभितो मयूखैः स्वाहा।।

अब बाहुनलाई टीका लगाइदिनू -

ॐ आकृष्णेनरजसा वर्तमानो निवेशयन्नमृतं मर्त्यञ्च ।
हिरण्ययेन सविता रथेना देवो याति भुवनानि पश्यन् ।।

अब तीन टुक्रा कुश लिएर आफ्नो शरीरमा जल छर्कनु-

ॐ मनो मे तर्पयत वाचं मे तर्पयत प्राणान् मे तर्पयत चक्षुर्म्मे तर्पयत श्रोत्रम्मे तर्पयतात्मानं मे तर्पयत प्रजाम्मे तर्पयत पशून्मे तर्पयत गणान्मेमा वितृषन् ।।

अब तिल-कुश लिएर द्रव्यमा छुनू र संकल्प-

हरिः ॐ तत्सत् ३ ॐ विष्णुः ३ श्रीमद्भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकलजगत् सृष्टिकारिणो ब्रह्मणो द्वितीय प्रहरार्धे श्रीश्वेत-

वाराहकल्पे वैवश्वतमन्वन्तरे अष्टाविंशतितमे कलियुगे कलिप्रथमचरणे प्रह्लादाधिपत्ये मनौ सप्तमे जम्बूद्वीपे भारतवर्षे भरतखण्डे आर्यावर्तान्तरगत-हिमवद्दक्षिणैकदेशे विन्ध्याचलादुत्तरे अमुकक्षेत्रे अमुक नाम संवत्सरे अमुकायने अमुक ऋतौ अमुकमासे अमुकपक्षे अमुकतिथौ अमुकवासरे अमुकराशिस्थिते श्रीसूर्ये अमुकराशिस्थिते चन्द्रमसि अमुक राशिस्थिते देवगुरौ अन्येषु ग्रहेषु यथा यथा स्थानस्थितेषु सत्सु एवं ग्रहगुणविशेषेणविशिष्टायां शुभपुण्य तिथौ अद्येह अमुक गोत्रा अमुक नामाऽहं श्रुति-स्मृति-पुराणोक्तफलप्राप्त्यर्थं मम इह जन्मनि जन्मान्तरे वा कायिक-वाचिक-मानसिक-सांसर्गिक ज्ञाताज्ञात-स्पर्शाऽस्पर्श आसन-शयन-भोजनगमनादिकृतदोषनिरसन द्वारा त्रिविध तापोपशमनार्थं श्रीपरमेश्वर प्रीत्यर्थं ऋतुसम्पर्कजनितदोषपरिहारार्थं अरुन्धतीसहितसप्तऋषिपूजनकर्म करणाधिकारसिद्ध्यर्थं

इमां गां रुद्रदैवत्यां (तन्मूल्यो पकल्पित अमुकद्रव्यममुकदैवतम्) अमुक शर्मणे ब्राह्मणाय गोदानत्वेन तुभ्यमहं सम्प्रददे ।

प्रार्थना- कपिले सर्वदेवानां पूजनीयाऽसि रोहिणी ।
सर्वदेवमयी यस्मादतः शान्तिं प्रयच्छ मे ।।

दानप्रतिष्ठा- अद्य कृतैतत् गोदान प्रतिष्ठा साङ्गतासिद्ध्यर्थम् अमुक द्रव्यं अमुकदैवताकं अमुकगोत्राय अमुकशर्मणे ब्राह्मणाय सुपूजिताय तुभ्यमहं संप्रददे । ॐ तत्सन्न मम ।

अनि ब्राह्मणले- ॐ कोदात् कस्माऽअदात् कामोदात् कामायादात्। कामोदाता कामः प्रतिग्रहीता कामै तत्ते- पढेर यजमानलाई जलले अभिषेक गरिदिनु।

संकल्पः- हरिः ॐतत्सत् ३ ॐ विष्णुः ३ पूर्वोक्तसंकल्पसिद्धरस्तु अद्येह मम इह जन्मनि जम्मान्तरे वा कायिक-वाचिक-मानसिक-

सांसर्गिक ज्ञाताज्ञात स्पर्शाऽपर्शासनशयनगमनादिकृतकर्म दोषनिरसनद्वारा दीपकलशगणेशपूजनपूर्वकं अरुन्धतीसहितं कश्यपादिसप्तर्षिपूजनमहं करिष्ये।

दीपम्-ॐ स्थिरोभव व्वीड्वङ्गऽआशुर्भववाज्यर्वन् । पृथुर्भव सुखदस्त्वमग्नेः पुरीषवाहणः ।।

पूजनम्-ॐ पृष्ठोदिविपृष्ठोऽअग्निः पृथिव्याम्पृष्ठो विश्वाऽओषधीराविवेश। वैश्वानरः सहसा पृष्ठोअग्निः सनोदिवा सरिषस्पातु नक्तम् ।।

प्रार्थना- ॐ नमोस्त्वनन्ताय सहस्रमूर्तये, सहस्रपादाक्षिशिरोरुबाहवे। सहस्रनाम्ने पुरुषाय शाश्वते सहस्रकोटीयुगधारिणे नमः ।।

अब कलश पूजामा पहिले फूल अक्षता लिएर भूमिमा छुनू ।

मन्त्र- ॐ भूरसि भूमिरस्यदितिरसि विश्वधाया विश्वस्य भुवनस्य धर्त्री । पृथिवीं यच्छपृथिवीं दृꣳहपृथिवीं माहिꣳसीः ।।

धान्यम्- ॐ धान्यमसिधिनुहि देवान् प्राणायत्वा दानायत्वा व्यानायत्वा।
दीर्घामनु प्रसितिमायुषेधान्देवोवः सविता हिरण्यपाणिः
प्रतिगृभ्ण्णात्वच्छिद्रेण पाणिना ।। यस मन्त्रले धानमा छुनू ।

कलशस्थापनम्-ॐ आजिघ्र कलशम्मह्यात्वा विशन्त्विन्दवः ।
पुनरूर्जानिवर्तस्वसानः सहस्रन्धुक्ष्वोरुधारा पयस्वतीः
पुनर्माविशताद्रयिः।

कलशे तीर्थादिजलम्-ॐ वरुणस्योत्तम्भनमसि वरुणस्यस्कम्भसर्जनीस्थो
वरुणस्यऽऋतसदन्यसि वरुणस्यऽऋतसदनमसि
वरुणस्यऽऋतसदन मासीद ।।

कलशे सर्वोषधी प्रक्षिपेत्- ॐ याऽओषधीः पूर्वाजाता देवेभ्यस्त्रियुगं
पुरा । मनैनुबभ्रूणामहꣳ शतन्धामानि सप्त च ।।

पंचरत्नानि-ॐहिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः परिरेकऽआसीत्।

सदाधार पृथिवीन् द्यामुतेमाङ्कस्मै देवाय हविषा विधेम ॥

पूगीफलम्- ॐ याः फलिनीर्याऽअफलाऽअपुष्पा याश्च पुष्पिणीः ।

बृहस्पतिः प्रसूतास्तानो मुञ्चत्वꣳहसः ॥

यवान्-ॐ ओषधयः समवदन्तसोमेन सहराज्ञा ।

यस्मै कृणोतु ब्राह्मणस्त्वꣳराजन् पारयामसि ॥

गन्धम्-ॐ गन्धद्वारान् दुराधर्षान् नित्यपुष्टां करीषिणीम् ।

ईश्वरीं सर्व भूतानां तामिहोपह्वये श्रियम् ॥

दूर्वा- ॐ काण्डात् काण्डात् प्ररोहन्ती परुषः परुषस्परि ।

एवानो दूर्वे प्रतनुसहस्रेण शतेन च ॥

सप्तमृत्तिका-ॐ स्योनापृथिवीनो भवानृक्षरा निवेशनी ।
यच्छानः शर्मस प्रथा ।।

पंचपल्लवैस्तन्मुखमाच्छाद्य –ॐ अश्वत्थेवो निषदनं पर्णेवो वसतिष्कृता।
गोभाजऽइत्किला सथयत्स नवथ पूरुषम् ।।

वस्त्रम्- बृहस्पतेऽअतियदर्योऽअर्हाद्युमद्विभाति क्रतुमज्जनेषु ।
यद्दीदयच्छवसऽऋतप्रजा ततदस्मासु द्रविणं धेहि चित्रम् ।।
उपयामगृहीतोऽसि बृहस्पतये त्वैषते योनिर्बृहस्पतयेत्वा ।।

आम्रपत्रम्–अम्बेऽअम्बिकेम्बालिके नमानयति कश्चन ।
ससस्त्यश्वकः सुभद्रिकाङ्कांपीलवासिनीम् ।।

वरुणपूजनम्-ॐ तत्त्वायामि ब्रह्मणा वन्दमानस्तदासास्ते यजमानो
हविर्भिः । अहेडमानो वरुणे हवोध्युरुशं समानऽआयुः प्रमोषीः ।।

गंगादितीर्थान्यावाहनम्–ॐ सर्वे समुद्राः सरितस्तीर्थानि जलदा नदाः।
आयान्तु यजमानस्य दुरितक्षयकारकाः ।।
कलशाभिमन्त्रणम्– कलशस्य मुखे विष्णुः कण्ठे रुद्रः समाश्रितः ।
मूले त्वस्य स्थितो ब्रह्मा मध्ये मातृगणाः स्मृताः ।।
कुक्षौ तु सागराः सर्वे सप्तद्वीपा वसुन्धरा ।
ऋग्वेदोऽथ यजुर्वेदः सामवेदोऽप्यथर्वणः ।।
अंगैश्च सहिताः सर्वे कलशं तु समाश्रिताः ।।
प्रार्थना– देवदानवसंवादे मथ्यमाने महोदधौ ।
उत्पन्नोऽसि तदा कुम्भ विधृतो विष्णुना स्वयम् ।।
त्वत्तोये सर्वतीर्थानि देवाः सर्वे त्वयि स्थिताः ।
त्वयि तिष्ठन्ति भूतानि त्वयि प्राणाःप्रतिष्ठिताः ।।

शिवः स्वयं त्वमेवाऽसि विष्णुस्त्वं च प्रजापतिः ।
आदित्या वसवो रुद्रा विश्वेदेवा सपितृकाः ॥
त्वयि तिष्ठन्ति सर्वेऽपि यतः कामफलप्रदाः ।
त्वत्प्रसादादिमं यज्ञं (पूजां) कर्तुमीहे जलोद्भव ।
सान्निध्यं कुरु देवेश प्रसन्नो भव सर्वदा ॥

गणेश- पूजा, आवहन-ॐ गणानान्त्वा गणपतिꣳहवामहे प्रियाणान्त्वा
प्रियपतिꣳहवामहे निधी नान्त्वा निधिपतिꣳहवामहे वसो मम ।
आहमजानिगर्भधमात्वमजासि गर्ब्भधम् ॥
हे हेरम्ब ! त्वमेह्येहि अम्बिका त्र्यम्बिकात्मज ।
सिद्धिबुद्धिपते त्र्यक्ष लक्षलाभयुतः शिवः ॥
नागस्य नागहारस्त्वं गणराज ! चतुर्भुज !

भूषितैः स्वाधुधैर्दिव्यैः पाशांकुशपरश्वधैः ।
आवाहयामि पूजार्थं रक्षार्थं च ममक्रतोः ॥
इहाऽऽगत्य गृहाण त्वं पूजां कर्तुं च रक्ष माम् ।
आसनम्- ॐ पुरुषऽएवेदꣳ सर्वं यद्भूतं यच्चभाव्यम् ।
उतामृतत्वस्येशानो यदन्नेनातिरोहति ॥
अनेकरत्नसंयुक्तं नानामणिगणान्वितम् ।
इदं हेममयं दिव्यमासनं प्रतिगृह्यताम् ॥

यस मंत्रले आसन दिनु ।

पाद्यम्-ॐ एतावानस्य महिमातो ज्यायाँश्च पूरुषः ।
पादोस्य विश्वा भूतानि त्रिपादस्यामृतन्दिवि ॥
गंगोदकं निर्मलं च सर्वसौगन्ध्यसंयुतम् ।
पादप्रक्षालनार्थाय दत्तं मे प्रतिगृह्यताम् ॥

यस मंत्रले जल चढाउनु ।

अर्घ्यम्-ॐ त्रिपादूर्ध्वऽ उदैत्पुरुषः पादोस्येहा भवत्पुनः ।
ततो विष्वङ्व्यक्रामत्सा शनानसनेऽअभि ॥
गन्धपुष्पाक्षतैर्युक्तमर्घ्यं सम्पादितं मया ।
गृहाण भगवन् शम्भो प्रसन्नो वरदो भव ॥

आचमनीयम्- ॐ ततो विराडजायतविराजोऽअधिपूरुषः।
सजातोऽअत्यरिच्यत पश्चाद्भूमिमथोपुरः ॥
कर्पूरेण सुगन्धेन वासितं स्वादु शीतलम् ।
तोयमाचमनीयार्थं गृहाण परमेश्वर ॥

स्नानम्-ॐ तस्माद्यज्ञात् सर्वहुतः सम्भृतं पृषदाज्यम् ।
पशूँस्तांश्चक्रे वायव्या नारण्या ग्राम्याश्च ये ॥

मन्दाकिन्यास्तु यद्वारि सर्वपापहरं शुभम् ।
तदिदं कल्पितं देवं स्नानार्थं प्रतिगृह्यताम् ॥

यज्ञोपवीतम्- ॐ तस्मादश्वाऽअजायन्त ये के चोभयादतः।
गावोहजज्ञिरे तस्मात् तस्मात् जाताऽअजावयः ॥
यज्ञोपवीतं परमं पवित्रं प्रजायतेर्यत् सहजंपुरस्तात्।
आयुष्यमग्रयं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं बलमस्तुतेजः॥

चन्दनम्-ॐ तं यज्ञं बर्हिषि प्रौक्षन् पुरुषं जातमग्रतः ।
तेन देवाऽअयजन्त साध्याऽऋषयश्च ये ॥
श्रीखण्डं चन्दनं दिव्यं-गन्धाढ्यं सुमनोहरम् ।
विलेपनं सुरश्रेष्ठं चन्दनं प्रतिगृह्यताम् ॥

पुष्पमाला–ॐ यत्पुरुषं व्यदधुः कतिधाव्यकल्पयन् ।
मुखंकिमस्यासीत् कि बाहू किमूरू पादाऽउच्येते ॥
माल्यादीनि सुगन्धीन मालत्यादीनि भक्तितः ।
मयाऽऽहृतानि पुष्पाणि गृहाण परमेश्वर ॥

धूपम्–ॐ ब्राह्मणोस्य मुखमासीद् बाहू राजन्यः कृतः ।
ऊरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रोऽअजायत ॥
वनस्पति रसोद्भूतो गन्धाढ्यो गन्ध उत्तमः ।
आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम् ॥

दीपम्–ॐ चन्द्रमा मनसो जातश्चक्षोः सूर्य्योऽअजायत ।
श्रोत्राद्वायुश्च प्राणश्च मुखादग्निरजायत ॥
साज्यं च वर्तिसंयुक्तं वह्निना योजितं मया ।

दीपं गृहाण देवेश! त्रैलोक्यतिमिरापहम् ।।
नैवेद्यम्- ॐ नाभ्याऽआसीदन्तरिक्षं शीर्ष्णोद्यौःसमवर्तत ।
पद्भ्यां भूमिर्दिशः श्रोत्रात्तथा लोकाँ२।। ऽअकल्पयन्।।
शर्कराखण्डखाद्यानि दधि-क्षीर-घृतानि च ।
आहरं भक्ष्यभोज्यं च नैवेद्यं प्रतिगृह्यताम् ।।
दक्षिणा- ॐ यत्पुरुषेण हविषा देवा यज्ञमतन्वत ।
वसन्तोस्यासीदाज्यङ् ग्रीष्मऽइध्मः शरद्धविः ।।
हिरण्यगर्भगर्भस्थं हेमबीजं विभावसोः ।
अनन्तपुण्यफलदमतः शान्तिं प्रयच्छ मे ।।
प्रदक्षिणा- ॐ सप्तास्यासन् परिधयस्त्रिः सप्त समिधःकृताः।
देवा यद्यज्ञन्तन्वानाऽअबध्नन् पुरुषं पशुम् ।।

यानि कानि च पापानि जन्मान्तरकृतानि च ।
तानि सर्वाणि नश्यन्तु प्रदक्षिणपदे पदे ॥

नमस्कार–ॐ नमः सर्वहितार्थाय जगदाधारहेतवे ।
साष्टांगोऽयं प्रणामस्ते प्रयत्नेन मयाकृतः ॥
रक्ष रक्ष गणाध्यक्ष रक्ष त्रैलोक्यरक्षकः ।
भक्तनामभयं कर्ता त्राता भव भवार्णवात् ।
द्वैमातुरकृपासिन्धो षाण्मातुरजगत् प्रभो !
वरदस्त्वं वरं देहि वांछितं वांछितार्थद !
अनेन फलदानेन फलदोऽस्तु सदा मम ॥

प्रार्थना– वक्रतुण्ड महाकाय सूर्य्यकोटिसमप्रभ !

अविघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ।।

यदि भनेर गणेशलाई दण्डवत् प्रणाम गर्नु ।

अनि फूल-अक्षता र चन्दन मुछेर कलशको मुखमा पूजा गर्दै जानू -

ॐ गणपत्यादि पाञ्चायनेभ्यो नमः । ॐ विनायकादि पञ्चलोकपालेभ्यो नमः । ॐ आदित्यादि नवग्रहेभ्यो नमः। ॐ ईश्वराद्यधि देवेभ्यो नमः । ॐ अग्न्यादि प्रत्यधिदेवेभ्यो नमः । ॐ इन्द्रादि दशदिक्पालेभ्यो नमः । ॐ वीरभद्रादि एकादशरुद्रेभ्यो नमः । ॐ गौर्यादि षोडशमातृभ्यो नमः । ॐ आवहादि सप्तमरुद्भ्यो नमः । ॐ विनायकब्रह्मविष्णुरुद्रार्क वनस्पतिभ्यो नमः ।

ॐ इष्ट देवाताभ्यो नमः । ॐ ग्रामदेवाताभ्यो नमः ।

ॐ स्थापितदेवताभ्यो नमः । ॐ भैरवाय नमः ।

धूपम्- ॐ ब्राह्मणोऽस्य मुखमासीद् बाहूराजन्यः कृतः ।
ऊरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रोऽअजायत ॥
वनस्पतिरसोद्भूतो गन्धाढ्यो गन्ध उत्तमः ।
आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम् ॥

दीपम्- ॐ चन्द्रमा मनसो जातश्चक्षोः सूर्योऽअजायत ।
श्रोत्राद्वायुश्च प्राणश्च मुखादग्निरजायत ॥

नैवेद्यम्- ॐ नाभ्याऽआसीदन्तरिक्षꣳ शीर्ष्णोद्यौः समवर्तत ।
पद्भ्यां भूमिर्दिशः श्रोत्रात्तथा लोकाँ२॥ऽअकल्पयन् ॥
शर्कराखण्डखाद्यानि दधिक्षीरघृतानि च ।
आहारं भक्ष्यभोज्यं च नैवेद्यं प्रतिगृह्यताम् ॥

यहाँसम्म दीप-कलश-गणेशको पूजा सकियो । अब ऋषिहरूको पूजा लेखिन्छ । पहिले तामाको थाली अथवा टपरीमा चामल हालेर त्यसमा ठड्याइएका कुशका अरुन्धतीसहितका सप्तऋषिको पूजामा पहिले प्राण-प्रतिष्ठा-कुश र फूल लिएर गर्नुपर्दछ -

प्राण प्रतिष्ठा-ॐ मनोजूतिर्जुषतामाज्यस्य बृहस्पतिर्यज्ञमिमन्तनोत्वरिष्टं यज्ञꣳ समिमन्दधातु । विश्वेदेवासऽइहमादयन्तामोंऽ३ ।। प्रतिष्ठ ।। एष वै प्रतिष्ठा नाम यज्ञो यत्रै तेन यज्ञेन यजन्ते सर्वमेव प्रतिष्ठितं भवति। ॐ प्रतिष्ठा सुप्रतिष्ठितमस्तु ।

अब फूल अक्षता लिएर प्रत्येक ऋषिको क्रमले आवाहन गर्नुपर्दछ । आवाहन, प्राण प्रतिष्ठा सबै ऋषिहरूको अन्य पूजा पनि भिन्न-भिन्न गर्नुपर्दछ । एकैपल्ट सबैलाई गर्ने होइन ।

१. आवाहन– ॐ भूर्भुवः स्वः कश्यपाय नमः, कश्यपम् आवाहयामि। भो कश्यप! इहागच्छ, इह तिष्ठ यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव सुप्रसन्नो भव वरदो भव ।

२. ॐ भूर्भुवः स्वः भरद्वाजाय नमः, भरद्वाजम् आवाहयामि । भो भरद्वाज! इहागच्छ, इह तिष्ठ यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव सुप्रसन्नो भव वरदो भव ।

३. भुर्भूवः स्वः गौतमाय नमः, गौतमम् आवाहयामि । भो गौतम! इहागच्छ, इह तिष्ठ यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव वरदो भव ।

४. ॐ भूर्भुवः स्वः गौतमाय नमः, गौतमम् आवाहयामि । भो अत्रे! इहागच्छ, इहतिष्ठ, यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव,

सुप्रसन्नो भव वरदो भव ।

५. ॐ भूर्भुवः स्वः जमदग्नये नमः, जमदग्नि आवाहयामि, भो जमदग्ने इहागच्छ, इह तिष्ठ, यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव सुप्रसन्नो भव वरदो भव ।

६. ॐ भूर्भुवः स्वः वसिष्ठाय नमः, वसिष्ठम् आवाहयामि। भो वसिष्ठ! इहागच्छ, इह तिष्ठ, यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव वरदो भव ।

७. भूर्भुवः स्वः विश्वामित्राय नमः, विश्वामित्रम् आवाहयामि । भो विश्वामित्र ! इहागच्छ, इह तिष्ठ, यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव सुप्रसन्नो भव वरदो भव ।

८. भूर्भुवः स्वः अरुन्धत्यै नमः, अरुन्धतीम् आवाहयामि । भो अरुन्धति! इहागच्छ, इह तिष्ठ, यावत्पूजां करोमि तावत्त्वं सुस्थिरा भव सुप्रसन्ना भव वरदा भव ।

यसपछि सप्तऋषिहरूको प्रार्थना गर्नुपर्दछ ।

प्रार्थना–ॐ सप्तऋषयः प्रतिहिता शरीरे सप्तरक्षन्ति सदमप्रमादम्। सप्तापः स्वपतो लोकमीयुस्तत्रजाग्रतोऽअस्वप्न जौ सत्रसदौ च देवौ ॥१॥ ॐ इदं विष्णुर्विचक्रमे त्रेधा निदधे पदम् । समूढमस्यपाꣳसुरे स्वाहा ॥२॥ ॐ सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् । सभूमिꣳसर्वतस्पृत्वा त्यतिष्ठदृशांगुलम् ॥३॥ ॐ मूर्तिं ब्रह्मण्य देवस्य ब्रह्मण्यं तेज उत्तमम् । सूर्य्यकोटि-प्रतीकाशम् ऋषिवृन्दं विचिन्तयेत् ॥४॥

आसनम्- ॐ पुरुषऽएवेद ꣳ सर्वं यद्भूतं यच्चभाव्यम् ।
उतामृतत्वस्ये शानो यदन्नेनातिरोहति ॥
ॐ सुवर्णरचितं दिव्यं नानारत्नसमन्वितम् ।
आसनं रुचिरं यच्च गृह्यतां भो मुनीश्वराः ॥
अरुन्धती सहित सप्त ऋषिलाई एकेक टुक्रा कुश आसन दिनू ।

पाद्यम् - ॐ एतावानस्य महिमातो ज्यायाँश्च पूरुषः ।
पादोस्य विश्वा भूतानि त्रिपादस्यामृतन्दिवि ॥
ॐ गङ्गाजलं समानीतं गन्धद्रव्येण संयुतम् ।
पाद्यार्थं प्रतिगृह्णन्तु कश्यपाद्यास्तपोधनाः ॥
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो
नमः पाद्यं समर्पयामि ।

अर्घ्यम्- ॐ त्रिपादूर्ध्वऽ उदैत्पुरुषः पादोस्येहाभवत्पुनः ।
ततो विष्वङ्व्यक्रामत्साशनानसनेऽअभि ॥
ॐ सुवर्णपात्रसंयुक्तं गन्धपुष्पाक्षतैर्युतम् ।
सप्तर्षयः प्रगृह्णन्तु इदमर्घ्यं मयाऽऽर्पितम् ॥
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादि ऋषिभ्यो
नमः अर्घ्यं समर्पयामि ।

आचमनीयम्- ॐ ततो विराडजायत विराजोऽअधि पुरुषः ।
सजातोऽ अत्यरिच्यत पश्चाद्भूमिमथो पुरः ॥
ॐ कर्पूरवासितं तोयं सुवर्णकलशे स्थितम् ।
दत्तमाचमनीयं च ऋषीणां प्रीतये सदा ॥
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादि सप्त ऋषिभ्यो नमः

आचमनीयं समर्पयामि । यति मन्त्र पढेर सवैलाई जल चढाउनू।

स्नानम्- ॐ तस्माद्यज्ञात् सर्वहुतः सम्भृतम्पृषदाज्यम् ।
पशूँस्ताँश्चक्रे वायव्यानारण्या ग्राम्याश्च ये ॥
ॐ सुगन्धि द्रव्यसंयुक्तं पवित्रं मङ्गलं जलम् ।
स्नानार्थं वः समानीतं मुनयः प्रतिगृह्यताम् ॥
ॐ भूभुर्वः स्वः अरुन्धतीसहितकश्यपादि सप्तऋषिभ्यो
नमः स्नानं समर्पयामि । यति भनेर सबैलाई जल चढाउनू ।

पञ्चामृतम्- ॐ पञ्चनद्यः सरस्वतीमपियन्ति सस्रोतसः ।
सरस्वती तु पञ्चधाऽसो देशेऽभवत्सरित् ॥
ॐ पयोदधि घृतं चैव मधु शर्करयाऽन्वितम् ।

ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्त ऋषिभ्यो नमः पञ्चामृतस्नानं समर्पयामि । पञ्चामृत दही, दूध, मह, घिउ र चीनी प्रत्येक भिन्न-भिन्न चढाउँदै जलले स्नान गराए पनि हुन्छ अथवा एकै ठाउँमा मिसाएर पनि हुन्छ तर प्रत्येक वस्तु चढाएर जल अवश्य चढाउनू ।

गन्धोदकम्- ॐ यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन् । तेहनाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः ।। ॐ गन्धद्वारान् दुराधर्षान् नित्य पुष्टां करीषिणीम् । ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ।।

ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादि सप्तऋषिभ्यो नमः

**गन्धोदकस्नानं समर्पयामि ।** यति भनेर श्रीखण्ड चन्दन मिसाएको जलले यथाक्रम सबैलाई स्नान गराउनू ।

**वस्त्रम्-ॐ तस्मा द्यज्ञात् सर्वहुतऽऋचः सामानि जज्ञिरे ।**
**छन्दाꣲसि जज्ञिरे तस्माद्यजुस्तस्मादजायत ।।**
**ॐ सूक्ष्माण्यतीव शुभ्राणि वस्त्राणि विविधानि च ।**
**ऋषयः प्रतिगृह्णन्तु उष्णशीतनिवारणे ।।**
**ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादि सप्तऋषिभ्यो नमः वस्त्रं समर्पयामि ।** यति पढेर सबैलाई वस्त्र चढाउनू ।

यसमा अरुन्धतीलाई भिन्नै वस्त्र चढाउनुपर्दछ ।

**यज्ञोपवीतम्-ॐ तस्मादश्वाऽ अजायन्त येकेचोभयादतः ।**
**गावोह जज्ञिरे तस्मात् तस्माज्जाताऽअजावयः ।।**

ॐ नानामन्त्रैः समुद्भूतं त्रिवृतं ब्रह्मसूत्रकम् ।
प्रत्येकं दीयते स्वच्छं ऋषभिः प्रतिगृह्यताम् ॥
ॐ भूर्भुवः स्वः कश्यपादिसप्तऋषिभ्यो नमः यज्ञोपवीतं
समर्पयामि । यति पढेर सबैलाई एकेक जनै चढाइदिनू ।

चन्दनम्- ॐ तं यज्ञं बर्हिषि प्रौक्षन् पुरुषञ्जातमग्रतः ।
तेन देवाऽअयजन्त साध्याऽऋषश्चयये ॥
ॐ आत्मसन्तापहारं च सुगन्धि द्रव्यसंयुतम् ।
चन्दनं तत्प्रयच्छामि ऋषीणां प्रीतिहेतवे ॥
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो
नमः । चन्दनं समर्पयामि । अब सबैलाई क्रमले चन्दन चढाउनू ।

अक्षतान्- ॐ अक्षन्नमीमदन्तह्यव प्रियाऽअधूषत ।
अस्तोषतस्वभानवो विप्रा नविष्ठया मती यो जान्विन्द्रते हरी।।
ॐ शुभ्रतण्डुलयाः शुक्लाः शङ्खशुभ्रा मनोहराः ।
अक्षतान् सम्प्रयच्छामि गृह्णन्तु मुनिपुङ्गवाः ।।
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो नमः
अक्षतान् समर्पयामि । अब सबैलाई क्रमले अक्षता चढाउनू ।

कुंकुमम्-ॐ अहिरिव भोगैः पर्येति बाहुञ्ज्याता हेति परिबाधमानः।
हस्तघ्नो विश्वावयुनानि विद्वान् पुमान् पुमासꣳ सम्परिपातुविश्वतः।।
ॐ हरिद्रां कुंकुमं चैव कज्जलं भूषणानि च ।
कंकणं कण्ठसूत्रं च गृहाण परमेश्वरः ।।

ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो नमः कुंकुमद्रब्याणि समर्पयामि । अब अरुन्धतीलाई सौभाग्य द्रव्य सिन्दूर टीका, चूरा, ऐना, बट्टा, गहना आदि जो सकेको चढाउनू ।

पुष्पम्- ॐ यत्पुरुषं व्यदधुः कतिधा व्यकल्पयन् ।
मुखङ्किमस्यासीत् किं बाहू किमूरू पादाऽउच्येते ।।
ॐ माल्यादीनि सुगन्धीनि मालत्यादीनि सत्तमा ।
मयाऽर्पितानि पुष्पाणि गृहाण मुनिसत्तमाः ।।
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो नमः
ऋतुकालोद्भव पुष्पाणि, माल्यादीनि च सर्पयामि ।।

अब अनेक प्रकारका फूल र मालाहरू सबैलाई चढाउनू ।

धूपम्-ॐ ब्राह्मणोऽस्य मुखमासीद् बाहूराजन्यः कृतः ।
ऊरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रोऽअजायत ॥
ॐ कृष्णागुरुसमुद्भूतो धूपोऽयं च दशाङ्गकः ।
सुगन्धः कश्यपादिभ्यः ऋषिभ्यो दीयतेऽधुना ॥
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो
नमः धूपं आघ्रापयामि । यति पढेर धूप बालेर घुमाउनू ।

दीपम्- ॐ चन्द्रमा मनसो जातश्चक्षोः सूर्य्योऽअजायत ।
श्रोत्राद् वायुश्च प्राणश्च मुखादग्निरजायत ॥
ॐ पंचवर्तिसमायुक्तः सर्वमङ्गलशोभनः ।
मया निवेदितो भक्त्या दीपोऽयं प्रतिगृह्यताम् ॥

ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो नमः दीपं दर्शयामि । यति पढेर आरती घुमाइदिनू ।

नैवेद्यम्- ॐ नाभ्याऽआसीदन्तरिक्षᳩ शीर्ष्णोद्यौः समवर्तत ।
पद्भ्यां भूमिर्दिशः श्रोत्रात् तथा लोकाँ २।।ऽ अकल्पयन्।।
ॐ इदं फलं समायुक्तं नानापक्वान्न संयुतम् ।
शर्कराघृतदुग्धं च नैवेद्यं प्रतिगृह्यताम् ।।
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो नमः नैवेद्यं समर्पयामि । यसपछि उत्तरा पोशनम्, हस्त-प्रक्षालनम् मुख-प्रक्षालनम् करोद्वर्तनार्थे चन्दनं च समर्पयामि भनेर सबैलाई जल चढाउनुपर्दछ ।

फलम्- याः फलिनीर्याऽअफलाऽअपुष्पायाश्चपुष्पिणिः ।
बृहस्पति प्रसूतास्तानो मुञ्चत्वᳩ हसः ।।

ॐ नारिकेलं च कूष्माण्डं कदली कर्कटी फलम् ।
ऋतुकालोद्भवं चान्यत् दीयतेऽद्य मुनीश्वराः ॥
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो नमः
नानाविधफलं समर्पयामि । यति पढेर यथा शक्ति फल-फूल सबैलाई
चढाउनुपर्दछ ।

ताम्बूलम्- ॐ यत्पुरुषेण हविषा देवा यज्ञमतन्वत ।
वसन्तोऽस्यासीदाज्यं ग्रीष्मऽइध्मः शरद्धविः ॥
ॐ पूगीफलं सकर्पूरं नागवल्लीदलैर्युतम् ।
एलाचूर्णादिसंयुक्त ताम्बूलं प्रतिगृह्यताम् ॥
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो नमः
ताम्बूलं समर्पयामि । यति पढेर सबैलाई भिन्नाभिन्नै पान चढाउनु ।

दक्षिणा- ॐ हिरण्वगर्भऽगर्भस्थं हेमबीजं विभावसोः ।
अनन्तपुण्यफलदमतः शान्तिं प्रयच्छ मे ॥
ॐ हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेकऽआसीत्।
सदाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम ॥
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो
नमः । यो पढिसकेर सबै ऋषिलाई दक्षिणा चढाउनू ।

कर्पूरार्तिक्यम्-ॐ इदꣳ हविः प्रजननम्मेऽअस्तुदशवीरꣳ सर्वगणस्वस्तये।
आत्मसनि प्रजासनि पशुसनि लोकशन्यभयसनि ।
अग्निः प्रजां बहुलां मे करोत्वन्नंपयोरेतोऽअस्मासुधत्त॥

ॐ ब्रह्मिष्ठा ब्रह्मरूपाश्च कश्यपादा महर्षयः ।
ब्रह्मप्रज्ञादिदातारः सन्तु मे कीर्तिकर्मणि ॥
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो
नमः । अब कपूरको आरती गरिदिनू ।

नीराजनम्-ॐ अग्निर्ज्योतिर्ज्योतिरग्निः स्वाहा सूर्य्यो ज्योतिर्ज्योतिः
सूर्य्यः स्वाहा । अग्निर्वर्चोज्योतिर्वर्चः स्वाहा सूर्य्यो वर्चो
ज्योतिर्वर्चः स्वाहा ज्योतिः सूर्यः सूर्य्योज्योतिः स्वाहा ॥
ॐ कार्पासकैस्तैर्बहुभिर्घृताक्तैर्वर्तिभिस्त्वहम् ।
नीराजयामि ऋषयः सुप्रसन्ना भवन्तु च ॥

अब हजार बत्तीले नीराजन गर्नु ।

प्रदक्षिणा– सप्तास्यासन् परिधयस्त्रिः सप्तसमिधः कृताः ।
देवा यद्यज्ञं तन्वानाऽअबध्नन् पुरुषं पशुम् ।।

अब 'पंचमीको पाइला सार्ने ।' उखान अनुसार पाइला सारेर तीन वा सात प्रदक्षिणा गर्नु र यो मन्त्र पढ्दै जानू–

ॐ यानि कानि च पापानि जन्मान्तरकृतानि च ।
तानि सर्वाणि नश्यन्तु प्रदक्षिणपदे पदे ।।
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो नमः ।

नमस्कारः– यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन् ।
तेहनाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः ।।
ॐ शरणागतदीनार्तपरित्राणपरायणाः ।
रक्षन्तु मुनयः सर्वे मामद्य शरणागतम् ।।

सप्तर्षयः शुभाः श्रेष्ठाः सर्वेषां च शुभप्रदाः ।
पुष्पांजलिः मयादत्तो गृहाण मुनिसत्तमाः ॥
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो नमः मन्त्र-पुष्पांजलिं समर्पयामि । यति पढेर फूल अक्षता सबै ऋषिहरूमा चढाउनू ।

प्रार्थना– ॐ ऋषेः सप्तर्षयः सर्वे भक्त्या सम्पूजिता मया।
सर्वपापं व्यपोहन्तु ज्ञानतोऽज्ञानतः कृतम् ॥
मन्त्रहीनं क्रियाहीनं भक्तिहीनं मुनीश्वराः ।
यत् पूजितं मया सर्वं परिपूर्ण तदस्तु मे ॥
ॐ भूर्भुवः स्वः अरुन्धतीसहितकश्यपादिसप्तऋषिभ्यो नमः ।
अब हात जोरेर सबै ऋषिहरूको प्रार्थना गर्नु ।

वायनम् - ॐ वायनं फलसंयुक्तं सघृतंदक्षिणाऽन्वितम् ।
वर्यद्विजेभ्यो दास्यामि व्रतसम्पूर्तिहेतवे ॥
ॐ ऋषयः प्रतिगृह्णन्तु ज्योतिरूपास्तपोधनाः ।
उभयोस्तारकाः सन्तु वायनस्य प्रदानतः ॥

भूयसि दक्षिणा- हरिः ॐ ३ पूर्वोक्तसंकल्पः सिद्धिरस्तु कृतस्य ऋषिपंचमीव्रतस्य न्यूनातिरिक्तपरिपूर्णार्थं इमां भूयसीं दक्षिणां नानानामगोत्रेभ्यो नानानामशर्मभ्यो ब्राह्मणेभ्यो यथाभागं विभज्य यथा कालेन दातुमहमुत्सृजेत् । दक्षिणाको दुना कर्मपात्रमा राखेर पछिबाट ब्राह्मणलाई दिनु ।

विसर्जन-ॐ प्रमादात् कुर्वतां कर्म प्रच्यवेताध्वरेषु च ।
स्मरणादेव तद्विष्णोः सम्पूर्णं स्यादिति श्रुतिः ॥

यस्य स्मृत्या च नामोक्त्या यज्ञपूजाक्रियादिषु ।
न्यूनं सम्पूर्णतां याति सद्यो वन्दे तमच्युतम् ॥
ॐ अच्युताय नमः, ॐ अच्युताय नमः, ॐ अच्युताय नमः।

**अभिषेक**– ऋषिपंचमीको पूजा समाप्त भयो । अब पुरोहितले कलशको जल कर्मपात्रमा हालेर पूजा गर्ने जति सबैलाई तलका मन्त्रहरू पढ्दै अभिषेक गरिदिनू –

ॐ द्यौः शान्तिरन्तरिक्षꣳ शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः । वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्मशान्तिः सर्वं शान्तिः शान्तिरेव शान्तिः सामाशान्तिरेधि ॥

ॐ तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् । पश्येम शरदः शतंजीवेम शरदः शतंश्रृणुयाम शरदः शतं प्रब्रवामशरदः शतमदीनाःस्याम

शरदः शतं भूयश्च शरदः शतात् । ॐ स्वस्तिनऽइन्द्रोवृद्धश्रवाः
स्वस्तिनः पूषा विश्ववेदाः । स्वस्तिनस्तार्क्ष्योऽअरिष्टनेमिः
स्वस्तिनो बृहस्पतिर्दधातु ।

ॐ सरितः सागराः शैलास्तीर्थानि जलदा नदाः ।
एते त्वामभिषिञ्चन्तु सर्वकामार्थसिद्धये ॥

प्रसाद– ॐ आब्रह्मन् ब्राह्मणो ब्रह्मवर्चसी जायतामाराष्ट्रे राजन्यः
शूरऽइषव्योतिव्याधी महारथो जायतान्दोग्ध्री धेनुर्वोढानड्वानाशुः
सप्तिः पुरान्धिर्योषा जिष्णू रथेष्ठाः सभेयो युवास्य यजमानस्य
वीरो जायतान्निकामेनिकामे नः पर्जन्यो वर्षतुफलवत्योनऽ-
ओषधयः पच्यन्तां योगक्षेमो नः कल्पताम् ॥ ॐ पुनस्त्वादित्या-

रुद्रावसभः समिन्धतां पुनर्ब्रह्माणो वसुनीय यज्ञैः। घृतेनत्वं तन्वंवर्धयस्व सत्याः सन्तु यजमानस्य कामाः स्वस्ति ।।
ॐ श्रीर्वर्चस्वमायुष्यमाभिधाच्छोभमानं महीयते । धनं धान्यं पशून् बहुपुत्रलाभं शतःसंवत्सरं दीर्घमायुः ।। यी सबै मन्त्र पढेर पुरोहितले पूजा गर्ने सबै महिलाहरूलाई फूल प्रसाद लगाइदिनू र भन्नू–

ॐ सिद्धिरस्तु क्रियारम्भे वृद्धिरस्तु धनागमे ।
पुष्टिरस्तु शरीरेषु शान्तिरस्तु गृहादिषु ।।

***

ऋषिपंचमीको व्रत र यथाविधि पूजा गरिसकेपछि सुयोग्य पण्डितद्वारा ऋषि पंचमीको कथा सुन्नू । अनि कथा वाचक पण्डितलाई उत्तम भोजन गराई यथाशक्ति दक्षिणा दिएर सन्तुष्ट तुल्याउनुपर्दछ। त्यसपछि आफूले हलो नलागेको अन्न अर्थात् स्वयं उम्रेका फल-फूल आदि एक छाक मात्र खाएर विश्राम गर्नु ।

***

# ऋषिपञ्चमी व्रत-कथाप्रारम्भः

युधिष्ठिर उवाच-

श्रुतानि देवदेवेश व्रतानि सुबहूनि च ।
सांप्रतं मेऽन्यदाचक्ष्व व्रतं पापप्रणाशनम् ॥१॥

---

परा पूर्वकालमा नैमिषारण्य नामक पुण्यक्षेत्रमा तपस्या नै धन भएका शौनकादि अठासी हजार ऋषिहरू एउटा ठूलो र अनेकौं बर्षमा समाप्त हुने दीर्घकालिक यज्ञ गरिरहेका थिए । त्यही मौकामा एक दिन पौराणिक सूतजी भ्रमण गर्दै त्यहीं आइपुगे । व्यासजीका मनपरेका शिष्य र नारायणका परमभक्त ज्ञानी सूतजी आएका देखेर उनलाई उत्तम सिंहासनमा बसाली शौनकादि ऋषिहरूले पाप नाश गर्ने कथा सुन्ने इच्छा गरे, अनि तारागणका माझमा चन्द्रमा झैं सुशोभित भएका सूतजीले पनि वेदव्यासजीबाट सुनेको र श्रीकृष्णले धर्मराजलाई सुनाउनु भएको कथा सुनाउन थाल्नु भयो- हे देवताका पनि देवता! हजुरले पहिले पनि अनेक व्रत-कथा सुनाउनु भयो, तर अब पाप-नाश गर्ने एक अर्को कथा पनि आज्ञा गर्नुहवस् ॥१॥

श्रीकृष्ण उवाच-

अथान्यदपि राजेन्द्र पञ्चमीमृषिसंज्ञिताम् ।
कथयिष्यामि यत् कृत्वा नारी पापात् विमुच्यते ॥२॥

युधिष्ठिर उवाच-

कीदृशी पञ्चमी कृष्ण कथं च ऋषिसंज्ञिता ।
पातकान्मुच्यते कस्मान्नारी यदुकुलोद्भव ॥३॥

---

युधिष्ठिरको इच्छा बुझी श्रीकृष्ण आज्ञा गर्नुहुन्छ- हे राजेन्द्र ! सुन अब म पाप नाश गर्ने ऋषि-पञ्चमीको कथा भन्दछु । यो व्रत गर्नाले नारीहरू ठूलो पापबाट मुक्त हुन्छन् ॥२॥ श्रीकृष्णको कुरा सुनेर युधिष्ठिरले फेरि विन्ती गरे- हे गोविन्द ! त्यो कुन पञ्चमी हो, कस्तो त्यसको प्रभाव छ, त्यो कसरी ऋषिपञ्चमी कहियो ? हे यदुकुलोद्भव श्रीकृष्ण ! त्यो ऋषिपञ्चमीको व्रत गर्नाले नारीहरू कस्तो पापबाट मुक्त हुन्छन् ॥३॥ हे केशव ! यस संसारमा अनेक थरिका पापहरू छन्, त्यो ऋषि-पञ्चमीको व्रत गर्नाले नारीहरू कस्ता पापबाट मुक्त हुन्छन्, आज्ञा हवस् ॥४॥ युधिष्ठिरको प्रश्न सुनी श्रीकृष्ण

पापानि च बहून्यत्र विद्यन्ते किल केशव ।
कथं वा ऋषिपञ्चम्यां नारी कस्मात् विमुच्यते ॥४॥

श्रीकृष्ण उवाच-

अज्ञानाज्ज्ञानतो वाऽपि या स्त्री जाता रजस्वला ।
दुष्टा स्पृशति भाण्डानि गृहकर्मणि सा रता ॥५॥
प्राप्नोति सा महत्पापं सत्यं सा नरकं व्रजेत् ।
श्रृणु तत् कारणं यस्माद्वर्जनीया रजस्वला ॥६॥

---

आज्ञा गर्नुहुन्छ- हे राजन् ! जुन नारी परसरेको (रजस्वला) भएको बेलामा थाहा पाएर वा नजानेर पनि दुष्ट बुद्धि लिएर गृहकार्यमा लागिरहन्छे र स्पर्शास्पर्श गर्दछे भने ॥५॥ त्यस नारीलाई निकै भयंकर पाप लाग्दछ त्यस पापले त्यो अवश्य नरकमा पर्दछे फेरि जे हेतुले परसरेकी नारी त्याग्न योग्य हुन्छन् त्यो विस्तारले सुन्नु हवस् ॥६॥ हे महाराज ! ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चारै जातले रजस्वला नारीलाई घरको एकातिर पन्छाउनुपर्दछ ।

उत्सार्या गृहतो दूरे चतुर्वर्णेन भारत !
ब्रह्महत्या पुरा शक्रो वृत्रं हत्वा ह्यवाप च ॥७॥
तथा वै राजशार्दूल पीडितो वृत्रसूदनः ॥
ब्रह्माणं समुपागच्छदात्मनः शुद्धिकारणात् ॥८॥
ततो देवैः समं ब्रह्मा क्षणं ध्यात्वा चकार च ।
शुद्धिं शक्रस्य राजेन्द्र प्रहृष्टेनान्तरात्मना ॥९॥

---

यसको कारण के भने- पूर्वकालमा देवराज इन्द्रले विप्रांश वृत्रासुरलाई मार्दा उनलाई ब्रह्महत्याको पाप लागेको थियो ॥७॥

हे धर्मराज ! वृत्रासुरलाई मार्ने देवराज इन्द्र त्यस ब्रह्महत्याले आत्तिएर त्यस ब्रह्म हत्याबाट मुक्त हुनको निम्ति पितामह ब्रह्माजीकहाँ पुगे ॥८॥ हे युधिष्ठिर ! ब्रह्माजीले सहयोगी देवताहरूसित केही बेर सल्लाह गरी प्रसन्न मनले इन्द्रलाई त्यो ब्रह्महत्याबाट मुक्त पारिदिए अर्थात् छुटाए ॥९॥ अनि ब्रह्माजीले त्यो ब्रह्महत्यालाई चार भागमा विभक्त गरे

विभज्य ब्रह्महत्यां तु चतुर्धा च चतुर्मुखः ।
प्राक्षिपद्राजराजेन्द्र चतुः स्थानेषु वै तदा ॥१०॥
बह्नेः प्रथमज्वालासु, नदीषु प्रथमोदके ।
पर्वतेषु च राजेन्द्र नारीरजसि पार्थिव ॥११॥

अर्थात् अलग-अलग पारे । हे राजन् ! अनि ब्रह्माजीले त्यसलाई चार स्थानमा फालिदिए॥१०

हे पाण्डु-नन्दन ! त्यो चार भागमध्ये प्रथम भाग अग्निको पहिलो ज्वालामा, अनि दोस्रो भाग नदीमा आएको प्रथम बाढीमा अथवा त्यसको फींजमा, तेस्रो भाग पर्वतहरूमा बग्ने गेरुको रंग जस्तो पानीमा र हे राजन् ! अन्तिम र चौथो भाग स्त्रीहरूको मासिक स्रावमा बाँडिदिए ॥११॥ हे महाराज ! यही कारण परसरेका प्रत्येक स्त्रीहरूलाई चारै जातले प्रत्येक महीनामा स्वयं ब्रह्माजीको आज्ञा अनुसार सतर्क र सावधान रहेर अलग्ग बसाल्नु-

अतो रजस्वला नारी उत्सार्या च प्रयत्नतः ।
ब्रह्मणः शासनात् पार्थ चातुर्वर्ण्येन सर्वदा ॥१२॥
'प्रथमेऽहनि चाण्डाली द्वितीये ब्रह्मघातकी ।
तृतीये रजकी प्रोक्ता चतुर्थेऽहनि शुद्ध्यति' ॥१३॥
अज्ञानाज्ज्ञानतो वाऽपि जातं सम्पर्कपातकम् ।
तत् पापसंक्षयार्थं वै कार्येयऋषिपञ्चमी ॥१४॥

---

पर्दछ ॥१२॥ किनभने नारी रजस्वला भएको प्रथम दिन चाण्डाल्नी समान हुन्छन् अनि दोस्रो दिन ब्रह्मघातिनी र तेस्रो दिन धोबिनी समान मानिन्छे । अनि चौथो दिनमा स्नान गरेर शुद्ध मानिन्छे ॥१३॥ त्यही रजस्वला भएको तीन दिनभित्र जानेर वा नजानेर छात-छुत गरेको पाप लाग्दछ । त्यही पापको नाश गर्नका लागि यो पवित्र ऋषि-पञ्चमीको व्रत गर्नै पर्दछ ॥१४॥

सर्वपापप्रशमिनी सर्वोपद्रवनाशिनी ।
ब्रह्मक्षत्रियविद्शूद्रैः स्त्रीभिः कार्या विशेषतः ॥१५॥
अत्रार्थेयत्पुरावृत्तं प्रवक्ष्यामि कथानकम् ।
पुरा कृतयुगे राजा विदर्भायां बभूव ह ॥१६॥

---

हे राजन् ! यो ऋषि-पञ्चमीको व्रत समस्त पापबाट मुक्त पार्ने र अन्य गर्न नहुने काम गरेको पाप नष्ट पार्दछ । अतः चारै वर्ण अर्थात् ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र सबै जातिका नारीहरूले यो व्रत गर्नैपर्दछ ॥१५॥ यसै विषयको म एउटा कथा जुन पूर्वकालमा भइसकेको छ त्यो तपाईंलाई भन्दछु सुन्नुहवस् । धेरै पहिले सत्ययुगमा विदर्भ नामको नगरमा एउटा राजा थिए ॥१६॥ ती श्येनजित नामका राजा आफ्ना चारै वर्णका

श्येनजिन्नाम राजर्षिश्चातुर्वर्ण्यानुपालकः ।
तस्य देशेऽवसद्विजो वेदवेदाङ्गपारगः ॥१७॥
सुमित्रो नाम राजेन्द्र सर्वभूतहिते रतः ।
कृषिवृत्त्या समासीनः कुटुम्बपरिपालकः ॥१८॥

---

प्रजाहरूलाई पुत्रवत् पालन गर्दथे । तिनकै राज्यमा वेद-वेदांगमा निपुण एक ब्राह्मण निवास गर्दथे ॥१७॥

हे महाराज ! तिनको नाम सुमित्र थियो र ती अन्यान्य प्राणीको खुशीमा नै आफ्नू खुशी मान्दथे, अनि तिनको जीविकाको साधन एकमात्र खेती थियो ॥१८॥ ती विप्रकी पति-सेवामा लागिरहने उत्तम स्वभाव भएकी तथा अनेक सेवक र बन्धुवर्ग भएकी प्रसिद्ध

तस्य भार्या सती साध्वी पतिसेवापरायणा ।
जयश्रीनामविख्याता बहुभृत्यसुहृज्जना ॥१९॥
अतिचिन्तान्विता सा च प्रावृट्कालेन मध्यमा ।
क्षेत्रादिषु रता साध्वी व्याकुलीकृतमानसा ॥२०॥
एकदा आत्मना प्राप्तमृतुकालं व्यलोकयत् ।
रजस्वलाऽपि सा राजन् गृहकर्म चकार ह ॥२१॥

---

पतिब्रता पत्नीको नाम थियो जयश्री ॥१९॥ सुन्दर देह भएकी ती जय श्री वर्षाऋतु लागेकोले निकै चिन्तित भएकी थिइन् । आफ्नू गृह-कार्य र खेतीको काममा पनि हेर-विचार गर्नु परेकोले आकुल चित्त भएकी सोझो बानी भएकी ती खेतीको काममा लागिरहिन् ॥२०॥

हे महाराज ! यही क्रममा एक दिन तिनले आफू रजोवती भएको थाहा पाइन् तापनि कार्य भारले गर्दा मासिक धर्ममा पनि तिनले घरका कामहरू गर्न छाडिनन् ॥२१॥

भाण्डादीन्यस्पृशद्राजन् ऋतौ प्राप्तेऽपि भामिनी ।
कालेन बहुना साध्वी पञ्चत्वमगमत्तदा ॥२२॥
तस्य भर्ताऽपि विप्रोऽसौ कालधर्ममुपेयिवान् ।
एवं तौ दम्पती राजन् स्वकर्मवशगौ तदा ॥२३॥
भार्या तस्य जयश्रीः सा ऋतुसम्पर्कदोषतः ।
शुनीयोनिमनुप्राप्ता सुमित्रोऽपि नरेश्वरः ॥२४॥

---

हे युधिष्ठिर ! ती जयश्रीले रजस्वला भएको अवसरमा पनि घरका सबै वस्तु छुँदै रहिन् । त्यसको केही कालपछि जयश्रीका पति सुमित्र र स्वयं ती पनि मरिन् । यस्ता प्रकारले ती दुवै दम्पति आफ्ना कर्मको वशमा हुँदा भए ॥२२॥ २३॥

हे महाराज ! त्यसरी सुमित्र ब्राह्मणकी स्त्री जयश्री रजस्वला भएको बेलामा पनि स्पर्शास्पर्श गरेको पापले कुकुर्नी भएर जन्मन पुगिन् र तिनका पति सुमित्र ॥२४॥ आफ्नी पति-

तस्याः सम्पर्कदोषेण बलीवर्दो बभूव ह ।
एवं तौ दम्पती राजन् स्वकर्मवशगौ तदा ॥२५॥
ऋतुसम्पर्कदोषेण तिर्यक्योनिमुपागतौ ।
स्वधर्माचरणाज्जातौ उभौ जातिस्मरौ तथा ॥२६॥

---

व्रता स्त्रीको संसर्ग दोषले गोरू भएर जन्म लिंदा भए । हे युधिष्ठिर ! आफ्ना कर्मको वश भएर यस प्रकार ती दम्पति गोरू र कुकुर्नीको योनिमा पुगे ॥२५॥ रजस्वला भएको अवस्थामा छात-छूत गरेको दोषले ती दम्पत्तिले पशुको जन्म पाउँदा भए, तापनि स्त्री-पुरुषको परस्परमा हुनपर्ने धर्मको पालन गरेको हुनाले ती दुवैलाई आफ्नू पूर्वजन्मको सम्झना बनिरह्यो ॥२६॥ हे महाराज ! ती दम्पति अघिल्लो जन्मको पापलाई स्मरण गर्दै आफ्नै छोराको

सुतस्यैव गृहे राजन् स्मरन्तौ पूर्वपातकम् ।
सुमित्रस्य च पुत्रोऽभूद्गुरुसेवारतः सदा ॥२७॥
सुमतिर्नाम धर्मज्ञो देवतातिथिपूजकः ।
अथ क्षयाहे सम्प्राप्ते पितुस्तु सुमतिस्तदा ॥२८॥
भार्यां चन्द्रावतीं प्राह सुमतिः श्रद्धयान्वितः ।
अद्य सांवत्सरदिने पितुर्मे चारुहासिनी ॥२९॥

---

घरमा थिए । ती सुमित्रको छोरो पनि सदैव मान्य जनहरूको आज्ञा पालन गर्न तयार रहन्थे॥२७॥

हे राजन् ! ती दम्पतीको पुत्र सुमति, देवता, अतिथिहरूको स्वागत श्रद्धापूर्वक गर्दथ्यो । यस्तैमा पिताको मृत्यु भएको दिन आयो, अनि पिताको श्राद्धको दिन सुमतिले॥२८॥ आफ्नी स्त्री चन्द्रावतीलाई भने- हे उत्तम बुद्धि भएकी, मन्दहास्यले चित्त हरण गर्ने सुन्दरी! आज मेरा पिताको तिथि हो ॥२९॥ हे सुमुखी ! ब्राह्मण भोजन गराउनुपर्दछ, अतः

भोजनीया द्विजा भीरु पाकसिद्धिर्विधीयताम् ।
तथा कृता पाकसिद्धिः सुमतेभर्तुराज्ञया ॥३०॥
मुक्तं पायसभाण्डे वै सर्पेण गरलं ततः ।
दृष्ट्वा ब्रह्मबधाद्भीता शुनी भाण्डानि साऽस्पृशत्॥३१॥

---

सबै उत्तम खाने वस्तु तयार पार । अनि आफ्नू पति सुमतिको आज्ञा अनुसार सबै वस्तुहरू ती सुन्दरीले राम्रोसित तयार पारिदिइन् ॥३०॥

हे राजन् ! त्यही अवसरमा चन्द्रावती काममा अल्झिएको मौकामा पायस (खीर) को पात्रमा सर्पले विष हालिदियो अर्थात् ब्राह्मणले भोजन गर्ने पायस विषयुक्त पारिदियो । त्यो देखेर यो पायस खाई सबै ब्राह्मणहरू मर्नेछन् भनी भयभीत भएकी त्यो कुकुर्नीले

द्विजभार्या च तां दृष्ट्वा उल्मुकेन जघान ह ।
भाण्डादीनि च प्रक्षाल्य त्यक्त्वा पाकं सुमध्यमा ॥३२॥
पुनः पाकं च कुर्यात् वै श्राद्धं कृत्वा विधानतः ।
ततो भुक्तेषु विप्रेषु सोच्छिष्टं न ददौ बहिः ॥३३॥
भूमौ क्षिप्तं तदा शुन्या उपवासस्तदाऽभवत् ।
ततो रात्र्यां प्रवृत्तायां सा शुनी क्षुधिता भृशम् ॥३४॥

---

खाने वस्तु पकाएका सबै पात्रहरू छोइदिई ॥३१॥ अनि चन्द्रावतीले त्यसरी छोइदिएको देखी कुकुर्नीलाई बल्दो अगुल्टोले बेसरी कुटिन् र चन्द्रावतीले तयार पारिसकेका सबै वस्तु फालेर ॥३२॥ तत्काल फेरि अर्को खाद्य सामग्रीहरू तयार पारिन् अनि ब्राह्मण भोजन गराएर बाहिर ढोकामा बसेकी कुकुर्नीलाई अलिकति जुठोसम्म पनि खान दिइनन् ॥३३॥

हे राजन् ! त्यस दिन त्यो कुकुर्नीले भोकै बस्न बाध्य हुनुपर्‍यो । अनि रात परेपछि क्षुधा (भोकले) व्याकुल भएकी त्यो कुकुर्नी आफ्नू ॥३४॥ पति गोरूको नगीचै गएर

बलीवर्दमुपागम्य भर्तारमिदमब्रवीत् ।
बुभुक्षिताऽद्य हे स्वामिन् न दत्तं भोजनादिकम् ॥३५॥
ग्रासादिकं च नो प्राप्तं क्षुधा मां बाधते भृशम् ।
अन्यस्मिन्दिवसे पुत्रो मम लेह्यं ददात्यसौ ॥३६॥
अद्य मह्यं किमप्येष उच्छिष्टमपि नो ददौ ।
पायसान्ने पपाताऽद्य गरलं सर्पसंभवम् ॥३७॥

---

भनी– हे नाथ ! म आज भोकी छु, खाने वस्तु केही पनि दिएनन् । जुठो-पीठो पनि पाइन, म अहिले भोकले अत्यन्त व्याकुल भइरहेकी छु । अन्य दिन त्यो पुत्रले पुरा पात चाट्न दिन्थ्यो, तर आज त त्यो पनि दिएन ॥३५-३६॥

हे राजन् ! आज त्यो पुत्रले अलिकति जुठो पात खान दिएको भए पनि सन्तोष हुन्थ्यो। फेरि आज पायसमा सर्पले विष हालिदिएको थियो ॥३७॥ यो पायस खाएपछि अवश्य

मया विचिन्त्य मनसा मरिष्यन्ति द्विजोत्तमाः ।
सम्पृष्टं पायसं गत्वा बद्ध्वा संताडिता भृशम् ॥३८॥
दुःखितं तेन मे गात्रं कटिर्भग्ना करोमि किम् ।
ततो प्राह स चानड्वान् भद्रे ते पापसंग्रहम् ॥३९॥
किं करोमि ह्यशक्तोऽहं भारवाहत्वमागतः ।
मया च आत्मनः क्षेत्रे वाहितं सकलं दिनम् ॥४०॥

---

ब्राह्मणहरू मर्दछन् भन्ने विचार गरेर मैले पायस छोइदिएँ, त्यो देखेर चन्द्रावतीले मलाई अगुल्टोले बेसरी कुटी ॥३८॥ त्यो चुटाइले मेरो सर्वाङ्ग दुखिरहेको छ, कम्मर नै भाँचियो अब म के गरूँ ? त्यति सुनेर गोरूले भन्यो– हे भद्रे ! म के गरूँ ? तेरो पापले गर्दा ॥३९॥ मैले भारी बोक्नु परिरहेको छ, शक्ति-क्षीण भएको छ, तिमी नै भन म के गरूँ ? आज पनि मलाई त्यो पुत्रले खेतमा लगेर दिनभरि खेत जोतिरह्यो ॥४०॥

ताडितश्चात्मजेनाऽहं मुखं बद्ध्वा बुभुक्षितः ।
वृथा श्राद्धं कृतं तेन जाताऽद्य मम कष्टता ॥४१॥

श्रीकृष्ण उवाच-

तयोः संवदतोरेवं मातापित्रोश्च भारत ।
श्रुत्वा पुत्रस्तथा वाक्यं यदुक्तं च तदोभयोः ॥४२॥

---

हे राजन् ! त्यो गोरूले भन्दै गयो– म भोकोलाई मुखमा जाबी बाँधेर बेसरी कुट्यो। त्यसले श्राद्ध गरेको पनि व्यर्थ छ, किनकि आज मलाई सान्है कष्ट भयो ॥४१॥ श्रीकृष्ण भगवान् आज्ञा हुन्छ – हे महाराज ! यस्ता प्रकारले ती दुवै दम्पत्तिले आपुसमा यस्ता कुरा गरेको उसै वेला छोरोले सुनेर ॥४२॥ ती सुमतीले यी दुवै त मेरा पूर्वजन्मका माता-पिता

पितरौ तौ विदित्वा तु दत्तवान् सुमतिस्तदा ।
तस्यां रजन्यां तत्काले ददौ तस्य च भोजनम् ॥४३॥
तदा सन्तप्तवान् पुत्रो ज्ञात्वाऽवस्थां तथा तयोः ।
मातापित्रोस्तु राजेन्द्र तदाऽसौ प्रस्थितो वनम् ॥४४॥

---

पो रहेछन् भन्ने बुझेर तत्काल खान दिए अर्थात् त्यस रात्रिकै बीचमा आफूलाई खान राखेको सारा वस्तु खान दिए ॥४३॥

हे महाराज ! आफ्ना ती दुवै माता-पिताको त्यस्तो गति भएको थाहा पाएपछि छोरो सुमति निकै चिन्तामा पऱ्यो र हे युधिष्ठिर ! म माता-पिताको यो कष्टको विषयमा जान्ने प्रयत्न गर्दछु, यो नजानेसम्म म शान्तिले बस्दिन । यस्तो निश्चय गरेर ती सुमति नामका

ज्ञातुमिच्छामि वै कष्टमिति निश्चित्य भारत ।
तत्र गत्वा ज्ञानवृद्धानृषीन् परमधार्मिकान् ॥४५॥
प्रणिपत्याब्रवीद्वाक्यं हितं चैव यदा तयोः ।
सुमतिरुवाच-
कथयध्वं माहाभागाः प्रश्नमेकं समाहिताः ॥४६॥
केन कर्मविपाकेन पितरौ मे तपोधनाः ।
इमामवस्थां सम्प्रातौ मोक्ष्येते पातकात्कथम् ॥४७॥

---

ब्राह्मणले वनमा प्रस्थान गरे । वनमा पुगेर अनेक तपस्वी ज्ञानी-ध्यानी धर्मात्मा ऋषि-मुनिहरूलाई ॥४४॥४५॥ दण्डवत् प्रणाम गरेर अत्यन्त नम्रता साथ आफ्ना माता-पिताको के गर्नाले उद्धार हुन्छ भन्ने प्रश्न गरे अर्थात् उनीहरूलाई सोधे । सुमतिले भने- हे दृढ़ मति भएका तपस्वी ऋषि-मुनि सज्जन हो ! मेरो एक प्रश्नको उत्तर जान्ने इच्छा छ ॥४६॥

सुमतिले विन्ती गरे- हे ऋषि-मुनि सज्जन हो ! मेरा माता-पिता यस अवस्थामा कुन कर्मको दोषले प्राप्त भएका हुन् ? अब के गर्नाले यस पापबाट मुक्त.हुन सक्तछन् ?॥४७॥

श्री कृष्ण उवाच–

यदाकर्ण्य वचस्तस्य सुमतेर्बहुकष्टभाक् ।
ऋषिः सर्वतपो नाम सर्वज्ञः करुणान्वितः ।।४८।।
सुमतिं प्रत्युवाचेदं तत्पित्रोर्मुक्तये तदा ।

ऋषिरुवाच–

तव माता पुरा ब्रह्मन् स्वगृहे बालभावतः ।।४९।।

---

श्रीकृष्ण आज्ञा गर्नुहुन्छ- हे राजन् ! सुमतिले निकै कष्टपूर्वक सोधिएको त्यो प्रश्न सुनेर पूर्वापर सबै जान्ने र दयाका खानि भएका 'सर्वतप' नाम भएका ऋषिले ।।४८।। सुमतिका माता-पिताको मुक्तिका लागि यस्तो बताए अर्थात् ऋषिले भने– हे सुमते! तिम्रा माता पिताले पूर्वजन्ममा आफ्नू घरमा बालकहरूले झैं खेल गरे ।।४९।।

ऋतुकालं विदित्वा तु संपर्कमकरोत्तदा ।
तेनकर्मविपाकेन शुनीयोनिमुपागता ॥५०॥
पिताऽपि स्पर्शदोषेण बलीवर्दो बभूव ह ।
एतयोर्मुक्तिकामार्थं कुरु त्वमृषिपञ्चमीम् ॥५१॥
भार्यया सह त्वं सप्तान् ऋषीन् सम्पूज्य यत्नतः ।
आचरस्व व्रतं तत्र सप्तवर्षं विधानतः ॥५२॥

---

हे विप्र ! तिम्री आमाले रजस्वला भएको जानेर पनि त्यस बखत बारिनन् र सबै छाइ छुइ गरिन् । त्यही पापको परिणाम स्वरूप तिनले कुकुर्नीको जन्म पाएकी हुन् ॥५०॥ तिम्रा पिता पनि उनकै संसर्गको दोषले गोरू भएर जन्मिए । अब ती दुबैको मुक्तिका निम्ति तिमी पापमोचक ऋषि-पञ्चमीको व्रत कर ॥५१॥ अतः तिमी सात वर्षसम्म लगातार पत्नी सहित यत्नपूर्वक सप्तऋषिको पूजा र व्रत गर ॥५२॥

अन्ते चोद्यापनं कुर्यात् वित्तशाठ्यविवर्जितः ।
शाकाहारस्तु कर्तव्यो नीवारैः श्यामकैस्तथा ॥५३॥
कन्दैर्वा फलमूलैर्वा हलैः कृष्टं न भक्षयेत् ।
आगता भाद्रमासस्य शुक्लपक्षस्य पञ्चमी ॥५४॥

---

हे विप्र ! व्रत गरेको सात वर्ष पूर्ण भएपछि वित्तशाठ्य (धनको लोभ) नगरी आफ्नू शक्ति अनुसार उद्यापन पनि गर्नुपर्दछ । ऋषिपंचमीको व्रत र उद्यापनमा पूजा समाप्त भए-पछि भोजनमा साग नीवार (जंगलीधान सामा) कि तिन्नीको चामल (हलो नलागेको) खानु॥५३॥ कि त कन्द-मूल फल (आलू, शखरखण्ड) आदि खान हुन्छ, हलो जोतेर उत्पन्न भएको कुनै पनि अन्न खान हुन्न, भाद्र महीनाको शुक्लपक्षमा पञ्चमी ॥५४॥ प्राप्त भएपछि

तस्यां मध्याह्नसमये नद्यादौ विमले जले ।
कृत्वाऽऽपामार्गकाष्ठेन दन्तधावनमादितः ॥५५॥
आयुर्बलं यशोवर्चः प्रजापशुवसूनि च ।
ब्रह्मप्रज्ञां च मेधादित्वन्नो देहि वनस्पते ॥५६॥
संप्रार्थ्यानेन मन्त्रेण कुर्याद् वै दन्तधावनम् ।
मुखदुर्गन्धिनाशाय दन्तानां च विशुद्धये ॥५७॥

---

मध्याह्न वेलामा स्वच्छ जल बग्ने नदी वा तलाऊ आदिमा गई अपामार्गको ३६० डाँठले प्रथम दतिवन गर्नु ॥५५॥

हे ब्रह्मन् ! 'आयुर्बलं यशोवर्चः प्रजा पशु वसूनि च । ब्रह्म प्रज्ञां च मेधादि त्वन्नो देहि वनस्पते' ॥५६॥ यस मन्त्रले प्रार्थना गरेर– 'मुखदुर्गन्धि नाशाय दन्तानां च विशुद्धये । ष्ठीवनाय च गात्राणि कुर्वेऽहं दन्तधावनम्' ॥५७॥ यस मन्त्रले दाँत सफा पारेर शरीरमा

ष्ठीवनाय च गात्राणि कुर्वेऽहं दन्तधावनम् ।
अनेक दन्तान् संशोध्य स्नायान्मृत्स्नानपूर्वकम् ॥५८॥
तिलामलककल्केन केशान् संशोध्य यत्नतः ।
परिधाय नवे शुद्धे वाससी च समाहित ॥५९॥
पूजयस्व ऋषीन् दिव्यानरुन्धत्या समन्वितान् ।
कश्यपोऽत्रिर्भरद्वाजो विश्वामित्रोथऽगौतमः ॥६०॥

---

माटो दली स्नान गर्नु ॥५८॥ त्यसपछि अमलाको चूर्ण र तिलको पिनाले कपाल सफा गरी नवीन वस्त्र धारण गरेर एक चित्त भई तन-मनले ॥५९॥

अरुन्धती सहित सप्तऋषिहरूको पूजन गर्नु, जमदग्नि, वसिष्ठ, कश्यप, अत्रि, भरद्वाज, विश्वामित्र र गौतम ॥६०॥ यही मन पंचोपचार वा षोडशोपचारले प्रसन्न चित्त रही

जमदग्निर्वशिष्ठश्च साध्वी चैवाप्यरुन्धती ।
मन्त्रेणानेन सप्तर्षीन् पूजयेत् सुसमाहितः ॥६१॥
व्रतेन ऋषिपञ्चम्यां कृतेनैव द्विजोत्तम ।
ऋतुसम्पर्कजो दोषः क्षयं याति न संशयः ॥६२॥

श्रीकृष्ण उवाच–

तच्छ्रुत्वा सुमतिर्वाक्यं परमम् ऋषिभाषितम् ।
गृहमेत्य व्रतंचक्रे सभार्यः श्रद्धयान्वितः ॥६३॥

---

सप्तर्षिहरूको पूजन गर्नु ॥६१॥ हे सुविज्ञ विप्र ! ऋषि पंचमीको व्रत गर्नाले रजस्वला भएको बेलामा स्पर्शास्पर्श हुन गएको दोष नाश हुन्छ, यसमा शंका छैन ॥६२॥

श्रीकृष्णले आज्ञा गर्नुभयो– हे युधिष्ठिर ! ती विज्ञ सुमतिले श्रेष्ठ ऋषिको उपदेश सुनेर घर गई पत्नी समेत भक्ति श्रद्धापूर्वक सात वर्षसम्म लगातार ऋषिपंचमीको व्रत गरे ॥६३॥

व्रतं तु ऋषिपञ्चम्यां सर्वपापविनाशनम् ।
कृत्वा सर्वं यथोक्तं च मातापित्रोः फलं ददौ ॥६४॥
व्रतपुण्यप्रभावेण माता तस्य श्वयोनितः ।
मुक्ता नृपतिशार्दूल विमानवरसंस्थिता ॥६५॥

---

त्यो पाप नाशक ऋषि पञ्चमीको व्रत सुमतिले ऋषिको उपदेश अनुसार पूरा गरेर त्यस व्रतको उत्तम फल माता-पितालाई संकल्प गरेर दिए ॥६४॥ त्यस पञ्चमीको व्रतको अक्षय पुण्यले सुमतिकी माता कुकुर्नीको योनिबाट मुक्त भइन् र हे पाण्डव श्रेष्ठ ! उत्तम विमानमा बसेर ॥६५॥ उत्तम वस्त्र धारण गरेर हे धर्मराज ! स्वर्गपुरीमा सुख भोग्न गइन् । त्यसपछि

दिव्याम्बरधरा भूत्वा गता स्वर्गञ्च भारत ।
पिताऽपि सो मृतो मुक्तः सुमतेः पशुयोनितः ॥६६॥
स्वर्गं प्राप्तो महाराज व्रतस्याऽस्य प्रभावतः ।
कायिकं वाचिकं वाऽपि मानसं यच्च दुष्कृतम् ॥६७॥

---

सुमतिका गोरू रूप पिता पशुयोनिबाट मुक्त भए र ॥६६॥ ऋषिपञ्चमी व्रतको ठूलो प्रभावले स्वर्गपुरीमा बस्न गए । हे पाण्डु-नन्दन ! मन, वचन वा देहले जुन जानेर वा नजानेर गरिएको पाप हुन्छ ॥६७॥ त्यो सम्पूर्ण पाप ऋषिपञ्चमी व्रतको

तत् सर्वं विलयं याति व्रतस्याऽस्य प्रभावतः ।
तेन यज्जायते पुण्यं तच्छृणुष्व नरोत्तम ॥६८॥
सर्वव्रतेषु यत्पुण्यं सर्वतीर्थेषु यत्फलम् ।
सर्वदानेषु दत्तेषु तदेतत्व्रतचारणात् ॥६९॥

---

प्रभावले नष्ट भएर जान्छ । हे धर्मराज ! त्यस व्रतको जो पुण्य-फल प्राप्त हुन्छ, अव त्यो सुन्नुहवस् ॥६८॥

हे राजन् ! अनेकानेक व्रत गर्दा जे जति पुण्य प्राप्त हुन्छ र अनेक तीर्थहरू डुल्दा जति उत्तम फल प्राप्त हुन्छ, ठूला-ठूला दान गर्नाले जुन धर्म पाइन्छ त्यो सम्पूर्ण केवल ऋषि पञ्चमीको व्रत गर्नाले पाइन्छ ॥६९॥ जो स्त्री प्रतिवर्ष यो पञ्चमीको व्रत गर्दछे, त्यो सदैव सुख

कुरुते या व्रतं नारी सा भवेत् सुखभागिनी ।
रूपलावण्ययुक्ता च पुत्रपौत्रादिसंयुता ॥७०॥
इहलोके सदैव स्यात् परत्र च परां गतिम् ।
एतत्ते कथितं राजन् व्रतानामुत्तमं व्रतम् ॥७१॥

---

भोग गर्न पाउँछे । रूप, गुण, शील, सौन्दर्यले पूर्ण हुन्छे र पुत्र पौत्रादिले युक्त हुन्छ ॥७०॥ अनि यस लोकमा जीवित रहेसम्म र शरीर त्यागेपछि पनि उत्तम लोकमा बस्न पाउँछे । हे राजन् ! सम्पूर्ण सम्पत्ति दिने समस्तस्त्रीहरूको सबै पाप नष्ट पार्ने धन-धान्य, कीर्ति र मुक्ति तथा पुत्र, नाती-पनाती सन्तान वा वंश बढाउने, यो-

सर्वसम्पत्ति-प्राप्तिश्च नारीणां पापनाशनम् ।
धनं यशश्च भक्तिं च पुत्रपौत्रविवर्धनम् ।।
पठतां श्रृण्वतां वाऽपि सर्वपापनिवारण् ।।७२।।

।। इति श्रीभविष्योत्तरपुराणे ऋषिपञ्चमी-कथा समाप्त।।

---

ऋषि-पंचमीको कथा सुन्ने र सुनाउनेको पनि समस्त पाप नाश गर्ने यो मैले हे राजन्! तपाईंलाई यथामति वर्णन गरेर सुनाएँ ।।७१।।७२।।

❋ ❋ ❋